Machhapuchchhre Bank Ltd.
माछापुच्छ्रे बैंक लिमिटेड

**को**
## एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०६६/०९/०६ (तदनुसार २१ डिसेम्वर २००९) गते बसेको संचालक समितिको १८१औं बैठकको निर्णयानुसार यस बैंकको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति : २०६६ साल पौष २९ गते बुधबार (१३ जनवरी २०१०) ।
स्थान : होटल फेवा प्रिन्स, पोखरा ।
सभा शुरु हुने समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको बार्षिक प्रतिवेदन २०६५/६६ पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६५/६६ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६६/६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालबाला लेखापरीक्षक बेकर टिल्ली बाँस्कोटा एण्ड कं. पुनः नियुक्त हुन सक्नु हुन्छ । )
४. बिविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. बैंकको शेयर दाखिल खारेजको काम मिति २०६६ पौष १६ गते देखि २०६६ पौष २९ गतेसम्म बन्द रहने छ ।
२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा बैंकको कर्पोरेट कार्यालय, पुतलीसडक, काठमाण्डौं वा प्रधान कार्यालय, नयाँ बजार, पोखरा र शाखा कार्यालयहरुबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ ।
३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र वा कुनै एक सक्कल शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको प्रधान कार्यालय, पोखरामा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात २०६६/०९/२७ गते बिहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिबार्य छ ।
५. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एक

भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुने छ ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० बजे देखि खुल्ला रहने छ । परिचय नं.(शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने ब्यबस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. अनिवार्य रुपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

८. सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको ब्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन ।

१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०६६ पौष २७ गते बिहान ११:०० बजे भित्र बैंकलाई लिखितरुपमा जानकारी दिनु पर्नेछ ।

११. छलफलका बिषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । जसवाट त्यस्तो बिषयमा आवश्यक पुर्व तयारी गर्न सजिलो हुनेछ ।

१२. अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय, नयाँबजार पोखरा वा कर्पोरेट कार्यालय, पुतलीसडक काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१३. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

****